Helping Hand™ *Health Education for Patients and Families*

# सिडेसन वा एनेस्थेसियाको साथ श्रवण मस्तिष्क प्रतिक्रिया (एबीआर)

# Auditory Brainstem Response (ABR) with Sedation or Anesthesia (Nepali)

श्रवण मस्तिष्क प्रतिक्रिया (ABR) एउटा परीक्षण हो जसले श्रवण हराउनेको जाँच गर्दछ। ABRs हरूले श्रवण तन्त्रिकाबाट ब्रेनस्टेममा आवाज कति राम्रोसँग सर्छ भनेर हेर्छन्। ती सामान्यतया शिशुहरू तथा बालकहरूमा गरिन्छ जसले उनीहरूको उमेर वा विकासको स्तरका कारण अन्य श्रवण परीक्षणहरू गर्न सक्दैनन्।

**परीक्षणको बारेमा**

इलेक्ट्रोड भनिने साना स्टिकरहरू प्रत्येक कानको पछाडि वा अगाडि र निधारमा लगाइन्छ। त्यसपछि, आवाजहरू पठाउन (प्रसारण) गर्न तपाईँको बालकको कानमा विशेष इयरफोनहरू लगाइन्छ। इलेक्ट्रोडहरूले तपाईँको बच्चाले सुन्न सक्ने कुराहरू रेकर्ड गर्दछ। यो परीक्षण सुरक्षित छ। यसले तपाईँको बालकलाई चोट पुऱ्याउने छैन।


©2019, revised 2023, Nationwide Children's Hospital
जारी…

## परीक्षणभन्दा अघि

- एकजना नर्सले तपाईँलाई मिति र समय तय गर्न परीक्षणको लगभग 1 देखि 2 दिनअघि सम्पर्क गर्नेछ। उनीहरूले तपाईँलाई परीक्षणअघि तपाईँको बालकले के खान वा पिउन सक्छ भनेर पनि बताउनेछन्।
- यदि तपाईँको बालकले औषधि लिन्छ भने, नर्सले तपाईँलाई परीक्षण अघि कुन औषधिहरू लिनु हुँदैन भनेर बताउनेछिन्।
- **आफ्नो बालकको परीक्षणअघि खाना, पेय पदार्थ र औषधिहरूको बारेमा दिइएका निर्देशनहरू पालना गर्नुहोस्। यदि तपाईँ यी निर्देशनहरू पालना गर्नुभएन भने, परीक्षण रद्द हुन सक्छ।**
- यदि तपाईँका प्रश्नहरू छन् भने, पूर्व-प्रवेश/सेडेसन नर्सहरूलाई:
  - कोलम्बसः (614) 722-3850
  - तोलेदोः (419) 251-4630 मा सम्पर्क गर्नुहोस्।

## सेडेसनका प्रकारहरू

- **तपाईँको बालकको निम्न कुराहरू हुने निर्धारित गरिएको छः**

  ☐ हल्का सेडेसन

  ☐ एनेस्थेसिया
- **हल्का सेडेसन** हल्का निन्द्रा हो। जब तपाईँको बच्चालाई हल्का सेडेसन गरिन्छ’ उनीहरूलाई के भइरहेको छ भन्ने थाहा हुँदैन। तिनीहरूले आफै सास फेर्छन् र केही कुराहरूमा प्रतिक्रिया दिन सक्छन्’ जस्तै बोलाउँदा वा छुँदा। **यो सेडेसन विकल्प राष्ट्रव्यापी बाल अस्पताल टोलेडोमा मात्र गरिन्छ।**
- **एनेस्थेसिया** गहिरो निन्द्रा हो। एनेस्थेसिया अन्तर्गत हुँदा’ तपाईँको बालकलाई के भइरहेको छ भन्ने थाहा हुने छैन। तिनीहरूले बोलाउँदा वा छुनेजस्ता कुराहरूमा प्रतिक्रिया दिँदैनन्। **यो राष्ट्रव्यापी बाल अस्पताल कोलम्बसमा मात्र गरिन्छ।**

निम्नमध्ये कुनै पनि भएका बलकहरूलाई एनेस्थेसिया दिन आवश्यक हुन सक्छः

- जटिल चिकित्सा समस्याहरू
- अन्डा एलर्जी
- तिनीहरूको वायुमार्गमा समस्या
- अस्वस्थ रूपमा मोटो (BMI 35 भन्दा बढी)
- बालकहरूहरू जसले एनेस्थेसिया नगरी IV लिन सक्दैनन्
- स्लीप एपनियाको इतिहास
- क्रोमोजोम असामान्यताहरू
- मुटुसम्बन्धी समस्याहरू जो निको भएका छैनन्
- अटिजम
- हिर्काउने वा टोक्नेजस्ता आक्रामक व्यवहार

**परीक्षणको दिन-हल्का सेडेसन (टोलेडो मात्र)**

1. अपोइन्टमेन्टको दिन, तपाईँले युनिटमा चेक इन गर्नुहुनेछ। आफ्नो बालकको एबीआर हुनुभन्दा 90 मिनेट अघि आइपुग्नुहोस्।
2. चेक इन गरेपछि, तपाईँ र आफ्नो बालक एउटा युनिटमा जानुहुनेछ। तपाईँले डाक्टरसँग कुरा गरेपछि सेडेसनका लागि अनुमति दिने सहमति फारममा हस्ताक्षर गर्नुहुनेछ। तपाईँ परीक्षणका लागि आफ्नो बालकसँग कोठामा बस्न सक्नुहुन्छ।
3. तपाईँको बालकलाई या त इन्ट्रावेनस (IV) लाइन दिइनेछ वा नाकमा सेडेसन औषधि लगाइनेछ। यदि IV आवश्यक छ भने तपाईँले आफ्नो बच्चालाई कसरी मद्दत गर्न सक्नुहुन्छ भनी नर्सले व्याख्या गर्नेछ।
4. नर्स वा डाक्टरले तपाईँको बच्चालाई औषधि दिनेछन् र उनीहरू सुतिरहेको देख्नेछन्। तिनीहरू सम्पूर्ण परीक्षणको समयमा तपाईँको बच्चासँग रहनेछन्।
5. श्रवण चिकित्सक (अडियोलोजिस्ट) ले परीक्षण गर्नेछन्। यसमा 30 देखि 90 मिनेटको समय लाग्नेछ। जब परीक्षण समाप्त हुन्छ, अडियोलोजिस्टले तपाईँसँग परिणामहरूबारे छलफल गर्नेछन्।
6. तपाईँका बच्चालाई उनीहरू नउठेसम्म प्रक्रिया कोठामा ध्यानपूर्नक हेरिनेछ।

7. तपाईंको बच्चा निद्रावस्थाबाट जागेपछि उसले केही सफ्फा झोल पदार्थ पिउन सक्छ। यदि तिनीहरूले तरल  पदार्थ कम राख्न सक्छन् भने, तिनीहरूसँग क्र्याकरहरू हुन सक्छन्। तपाईँको बच्चालाई अस्पताल नछोडेसम्म नजिकबाट निरीक्षण गरिनेछ।

**परीक्षणको दिन- एनेस्थेसिया (कोलम्बस मात्र )**

1. अपोइन्टमेन्टको दिन, तपाईँ चेक इन  गर्न दर्ता गर्न जानुहुनेछ। आफ्नो बालकको ABR हुनुभन्दा 90 मिनेट अघि आइपुग्नुहोस्।
2. दर्ता गरेपछि, तपाईँ र  आफ्नो बालक प्रि-अपरेटिभ (प्रि-अप) कोठामा जानुहुनेछ। तपाईँले डाक्टरसँग कुरा गरेपछि एनेस्थेसियाका लागि अनुमति दिने सहम ति फारममा हस्ताक्षर गर्नुहुनेछ। नर्सले तपाईंको बच्चालाई प्रक्रिया कक्षमा लैजानेछ। परीक्षाको समयमा तपाईँ प्रतीक्षालयमा बस्नुहुनेछ।
3. एकजना नर्स वा डाक्टरले मास्कमार्फत एनेस्थेसिया औषधि सुरु गर्नेछन्। त्यसपछि, तिनीहरूले तपाईँको बालकलाई एनेस्थेसिया औषधि दिन जारी राख्न इन्ट्राभेनस लाइन (IV) दिनेछन्। एकजना नर्स वा डाक्टरले तपाईँको बालकलाई हेर्नेछन् अनि सम्पूर्ण परीक्षणको समयमा उनीहरूसँग रहनेछन्।
4. श्रवण चिकित्सक (अडियोलोजिस्ट) ले परीक्षण गर्नेछन्। यसमा 30 देखि 90 मिनेटको समय लाग्नेछ। जब परीक्षण समाप्त हुन्छ, तपाईंको बालकलाई पोस्ट-एनेस्थेसिया केयर युनिट (PACU) मा सारिनेछ र  उनीहरू ब्युँझिने बेलासम्म नजिकबाट निरीक्षण गरिनेछ।
5. अडियोलोजिस्टले तपाईँलाई परीक्षणपछि प्रतीक्षालयमा भेट्नेछन् अनि परिणामबारे छलफल गर्नेछन्।
6. जब तपाईँको बालक ब्युँझिन्छ, तपाईँ तिनीहरूलाई देख्न सक्नुहुनेछ। उसले केही सफ्फा झोल पदार्थ पिउन सक्छ। यदि तिनीहरूले तरल पदार्थ कम राख्न सक्छन् भने, तिनीहरूसँग क्र्याकरहरू हुन सक्छन्। अस्पताल नछोडेसम्म उनीहरूलाई नजिकबाट निगरानी  गरिनेछ।